# ओमसतिया गाँउपालिकाको आ.व. ०७५।०७६ को निती तथा मार्गदर्शन

आदरणीय प्रमुख अतिथी ज्यु, विशिष्ट अतिथी ज्युहरु, सम्पूर्ण अतिथी ज्युहरु,गाउँ सभाका सम्पूर्ण सदस्य साथीहरु,गाउँपालिकामा क्रियाशिल सम्पूर्ण राजनैतिक दलका प्रमुख एवं प्रतिनिधी ज्युहरु,गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी साथीहरु,सुरक्षा निकायका कर्मचारी साथीहरु, सम्पूर्ण पत्रकार मित्रहरु एवं गाउँपालिकाकालाई हृदयदेखी नै माया र सद्भाव राख्नुहुने सम्पूर्ण आमा बुवा,दाजु भाई तथा दिदिबहिनिहरु,

अधिकार सम्पन्न ओमसतियावासी नागरिकको प्रत्यक्ष जनादेश बमोजिम यस गाउँपालिकाको प्रथम अध्यक्षका रुपमा निर्वाचित भई पदभार ग्रहण गरेको झण्डै एक वर्ष व्यतीत हुन लागेको छ ।मलाई यस स्थानमा पुग्न प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पुर्ण ओमसतियावासी जनता, पार्टीका नेता तथा कार्यकर्ताहरु र बेलाबेलामा अमूल्य राय सुझाव प्रदान गर्नुहुने सम्पूर्ण बुद्धिजिवी सज्जनवृन्दहरुमा म हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्न चाहान्छु । युगौयुग देखिको केन्द्रीकृत शासन व्यवस्था र निरङ्कुश शासन प्रणालीका कारण नेपाल सदैव अल्पविकसित देश हुनु, गरिविको रेखामुनि रहेका जनता झण्डै एक तिहाई हुनु, भेदभाव, विभेद, असमानता र छुवाछुत जस्ता विकृतिहरुले समाजको व्यापक रुपमा बिखण्डन हुनु, शासन प्रणालीका अङ्गहरुमा सवै क्षेत्र,समुदाय र वर्गको प्रतिनिधित्व नहुनु, आर्थिक वृद्धि र आर्थिक विकाशले कहिल्यै पनि फड्को मार्न नसक्नु, मानव विकास सूचकांङ्क र प्रति व्यक्तिआय अत्यन्त न्युन हुनु, Gini coefficient (असमानताको खाडल) वर्षेनि बढ्दै जानु र जनताको आर्थिक, सामाजिक स्तर झन झन विकराल बन्दै जानुको मुख्य कारण निश्चित वर्ग, समुदाय र क्षेत्रको सदैव पकडमा रहेको केन्द्रिकृत शासन व्यवस्था नै हो भन्ने निश्कर्ष निकाली उपरोक्त सवै समस्याको एकमात्र रामवाण संघीयता हो भन्ने निष्कर्ष आयो र यसका लागि नेपाली जनताले ज्यानको आहुति दिएर पटक पटक विद्रोहहरु र सशस्त्र आन्दोलन गरे र नेपाललाई एउटा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यका रुपमा स्थापना गरे ।आजको यस महत्वपूर्ण घडीमा तिनै महान शहीदहरुको योगदानलाई उच्च कदर गर्दै ती महान आत्माहरुलाई हृदय देखि नै नमन र संस्मरण गर्न चाहान्छु ।

आदरणीय सम्पूर्ण महानुभावहरु

सिंहदरवार गाउँगाउँमा भन्ने नारालाई मूर्त रुप दिन ओमसतियावासीलाई आफ्नो अधिकार र कर्तव्य बोध गराई विकास निर्माणका कार्यमा स्वत:स्फूर्त रुपमा संलग्न गराउनुपर्ने चुनौती हामी माझ रहेको छ ।जनताका असिमित ईच्छा चाहनाहरुलाई केन्द्रिय र प्रादेशिक सरकारबाट प्राप्त अनुदानबाट मात्र किञ्चित पूरा गर्न नसकिने हुँदा गाउँपालिकामा रहेका आन्तरिक स्रोतका सम्भावनाहरुलाई पहिचान गरी आर्थिक रुपमा सक्षम, सबल र समृद्ध गाउँपालिका निर्माण गर्ने अभिभारा हामी माझ आएको छ ।यसका लागि हामीसँगै काँधमा काँध मिलाएर होस्टेमा हैसे गर्न म यस गाउँपालिकाका सम्पूर्ण राजनैतिक दलका प्रतिनिधी एवं प्रभुत्व वर्गलाई हार्दिक अपील गर्न चाहान्छु । आदरणीय सम्पूर्ण महानुभावहरु

निर्वाचित भएर पदभार ग्रहण गर्दा गाउँपालिकाको कार्यालय व्यवस्थित भईसकेको थिएन । कर्मचारीको अभाव, नीतिगत अभाव र अस्पष्टता तथा जनप्रतिनीधीहरुमा दक्षता र अनुभवमा रहेको कमीका कारण विगत वर्षको नीति तथा कार्यक्रमलाई सोचे अनुरुप बजेट संग त्भ(गउ (तालमेल) गरी ल्याउन नसक्दा प्रतिबद्धताहरु पूरा गर्न नसकिएको यथार्थता हामी सामु रहेको छ । थुप्रै चुनौतीहरु विद्यमान छन । तर चुनौतीहरुका बिच पनि सम्भावनाहरु खोज्दै अगाडी बढ्नु पर्ने दायित्व र कर्तब्य हामी माझ छ । ओमसतियाबासीहरुको प्रत्यक्ष जनादेश प्राप्त गर्नका लागि हामीले गरेका प्रतिबद्धताहरु हामीले भुलेका छैनौं । ती प्रतिबद्धताहरु क्रमश पूरा गर्दै जाने बचनबद्धता हामी व्यक्त गर्न चाहन्छौं ।

आदरणीय सम्पूर्ण महानुभावहरु

गाउँपालिका भौगोलिक रुपमा सुगम देखिएता पनि आर्थिक पछौटेपन, अशिक्षा , सामाजिक कुरीति एवं कुसंस्कार कारण अत्यन्त पिछडिएको छ । छुवाछुत, भेदभाव, बालविवाह अनमेल विवाह, भ्रूण हत्या आदि जस्ता विकृतिहरु समाजमा अझैपनि व्याप्त रहेको अवस्था छ । धनी र गरिव बिचको असमानताको खाडल झन झन विकराल बन्दै गएको छ । यस्ता चुनौतीहरु बिच जनताले प्रत्यक्ष रुपमा परिर्वतन महशुस गर्ने गरी कार्यक्रम संचालन गर्नुपर्ने अभिभारा हामी समक्ष छ तर हामी किञ्चित पनि निराश छैनौ किनकि हामी संग तपाईहरु र ओमसतियावासीहरुको साथ र सहयोग छ । यस वर्ष हामीले अत्यावश्यक नीति तथा कानूनहरु निर्माण गरेका छौ । पूर्ण रुपमा नभए पनि

आवश्यक  संख्यामा राष्ट्रसेवक कर्मचारी प्राप्त गरेको अवस्था छ । तसर्थ आगामी वर्ष हाम्रा नीति तथा कार्यक्रमले सोचे अनुरुपको सफलता पाउने कुरामा हामी विश्वस्त छौं ।

आदरणीय सम्पूर्ण महानुभावहरु

गाउँपालिकाको आर्थिक सामाजिक अवस्था, भू–राजनैतिक बनोट जनसंख्या, धर्म, संस्कृति, रहन–सहन भेष भूषा, पेशा, व्यवसायलाई आधार मानी आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रम तय गरिएको निम्नानुसार प्रस्तुत गरिएको छ ।

<u>निम्न</u>

- गाउँपालिकाको आन्तरिक श्रोत अभिबृद्धि गर्नका लागि सम्भाब्य श्रोतहरुको पहिचान र किटान गरिनेछ। गाउँपालिका भित्र संचालित सम्पूर्ण उद्योग, व्यवसायहरुलाई गाउँपालिकामा अनिवार्य दर्ता हुनु पर्ने व्यवस्था गरी करको दायरामा ल्याईनेछ । राजश्व अभिबृद्धिकरका लागि सम्पूर्ण नीतिगत तथा संस्थागत प्रबन्ध गरिनेछ ।
- गाउँपालिका भित्र एकिकृत सम्पत्ति कर लागू गर्न पहल गरिनेछ ।
- गाउँपालिका आर्थिक समृद्धि तर्फ अग्रसर गराउन विकासका सम्पूर्ण क्रियाकलापहरुमा गाउँपालिका भित्र क्रियाशिल सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना गरिनेछन । यसका लागि निजी क्षेत्रसंग सहकार्य गरिनेछ । उद्योगमैत्री नीतिको अवलम्वन गरी गाउँपालिका भित्र उद्योग धन्दा, कलकारखानाको स्थापना र संचालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- गाउँपालिका भित्र सडकका पूर्वाधाहरु विकास गरिनेछ । गाउँपालिका भित्र रिङ्गरोड बनाईनेछ । रोहिणी खोला करिडोरको निर्माण गर्न पहल गरिनेछ ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहमा आर्थिक अनुशासन र पारदर्शिता कायम गरिनेछ । यसका लागि सम्पूर्ण आर्थिक प्रक्रियालाई Web based बनाईनेछ ।
- गाउँपालिकाका सम्पूर्ण क्षेत्रहरुको सम्भाब्यताको अध्ययन गर्न बृहत गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ । यसका लागि घर धुरी सर्भेक्षण गरी लगत संकलन गर्ने कार्य सम्पन्न भईसकेको छ ।
- गाउँपालिका विपतका दृष्टिकोणले अत्यन्त संवेदनशिल रहेको कारण विपत व्यवस्थापनका लागि एक विपत व्यवस्थापन कोषको निर्माण गरिनेछ । विपतमा परेकालाई तत्काल

राहतको प्रबन्ध मिलाईनेछ । विपत पूर्वतयारी र विपत प्रतिकार्य कार्यक्रमलाई प्रभावकारी बनाईनेछ ।

- ओमसतिया गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका बनाईनेछ । यसका लागि ढल व्यवस्थापन , फोहरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाईनेछ ।
- कृषि क्षेत्रलाई आधुनिकरण र व्यवसायिकरण गरिनेछ ।
- गाउँपालिकालाई कृषि क्षेत्रको हब का रुपमा रुपान्तरण गरिनेछ । गाउँपालिकामा रहेका कृषि योग्य भूमिलाई विभिन्न ब्लक र पकेटमा विभाजन गरी माटो सुहाउदो आधुनिक र व्यवसायिक खेतीलाई जोड दिईनेछ । कृषि अन्तर्गत मल र बिउमा अनुदान दिने व्यवस्था गरिनेछ ।
- कृषिउपजबाट वास्तविक कृषकले राम्रो मूल्य नपाउने तर बिचौलियाहरु मौलाउने परिपाटीलाई अन्त्य गर्न गाउँपालिका भित्र कृषि उपज संकलन केन्द्र (मण्डी)संचालनमा ल्याईनेछ । कोल्ड स्टोरको पनि व्यवस्था गरिनेछ ।
- ग्रामिण क्षेत्रमा अनिवार्य रुपमा र शहरी क्षेत्रमा सम्भव भए सम्म "एक घर, एक करेसाबारी" नीति अवलम्वन गरिनेछ ।
- कृषि क्षेत्रमा लगानी भित्राउन विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकाय क्षेत्रहरु संग समन्वय र सहकार्य गरिनेछ ।
- कृषि उपजको व्यवसायिकरण गर्न कृषि सडक निर्माण कार्यलाई निरन्तरता दिईनेछ । कृषि उपज बृद्धि गर्न सिंचाई सुविधालाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।
- आर्थिक रुपले महत्वपूर्ण जडिबुटी, वनपैदावारहरु, फलफुल र वनस्पतिहरुको उत्पादन एवं संरक्षणमा जोड दिईनेछ ।
- ओमसतिया गाउँपालिका भित्र कृषि परियोजनाको लागि भाडामा लिएको जग्गाको ५० प्रतिशत भाडा स्थानिय तहले व्यहोर्ने व्यवस्था गरिनेछ ।
- उत्कृष्ट कृषकहरुलाई प्रोत्साहन एवं पुरस्कृत गरिनेछ ।
- स्वच्छ र स्वस्थ खानेपानीको पहुँचमा सवै नागरिकलाई पुर्याईनेछ । यसका लागि डिप ट्युबवेल, ओभरहेड टंकी निर्माण कार्यलाई थप प्राथमिकताका साथ संचालन गरिनेछ । गाउँ गाउँमा रहेका ईनार, पोखरी, सार्वजनिक धाराहरुलाई व्यवस्थित गरिनेछ ।
- गाउँपालिका भित्र रहेका अव्यवस्थित बसोवासलाई व्यवस्थित गरिनेछ । यसका लागि गाउँपालिका भित्रका सम्पूर्ण सार्वजनिक सम्पत्तिको अभिलेखिकरण र संरक्षण गरिनेछ । वास्तविक भूमिहिनलाई व्यवस्थित गर्न पहल गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सडकहरु अधिकार क्षेत्र कायम गरिनेछ ।

- गाउँपालिकालाई पर्यटकिय हबका रुपमा विस्तार गरिनेछ । यसका लागि गाउँपालिका भित्रका धार्मिक क्षेत्रहरु, विभिन्न कला, संस्कृति, भाषा, साहित्यहरुको पहिचान प्रबद्र्धन, सम्बद्र्धन एवं संरक्षणमा जोड दिईनेछ ।
- गाउँपालिका भित्र रहेको सम्पूर्ण सार्वजनिक जग्गाहरुलाई छुट्याई संरक्षण गरिनेछ र ती जग्गाहरुलाई गाउँपालिकाद्धारा ठेक्का (लिज) मा दिन सकिने छ ।
- गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका बनाईनेछ । विद्यालयको पहुँच बाहिर रहेका विद्यार्थीहरुलाई विद्यालय आउन प्रोत्साहित गरिनेछ ।
- गुणस्तरीय र व्यवसायिक शिक्षामा जोड दिईनेछ ।
- गुणस्तरीय र प्रतिस्पर्धी जनशक्ति निर्माणार्थ समुदायिक विद्यालयहरुमा पनि अंग्रेजी माध्यमबाट शिक्षा दिईनेछ। ट्रेनिङ्ग सेन्टर स्थापना र संचालन गरिनेछ ।
- गाउँपालिकामा सामाजिक न्याय र नैतिकतामा आधारित सभ्य र सुसंस्कृत समाजको निर्माणमा जोड दिईनेछ। समाजमा व्याप्त सामाजिक कुरीति र कुसंस्कारहरुलाई निराकरण गर्न जोड दिईनेछ ।
- बालिका भ्रूण हत्या, बाल विवाहलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ । यसका लागि पुरै देशमा चर्चित बालिका संरक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- लैंिङ्गक समानता, मूलप्रवाहीकरण र महिला सशक्तिकरणका लागि आवश्यक नीतिगत प्रबन्ध मिलाईनेछ र व्यवहारमा रुपान्तरण गरिनेछ ।
- असहाय र अनाथ व्यक्तिहरुको सामाजिक संरक्षण गरिनेछ । यसका लागि स्याहार केन्द्रको स्थापना र संचालन गरिनेछ ।
- खेलकुदको विकास र प्रबद्र्धन गर्नका लागि “एक टोल एक खेल” को नीति अङ्गिकार गरिनेछ । वार्षिक रुपमा प्रत्येक वर्ष अन्तर गाउँपालिका रनिङ्ग शिल्ड प्रतियोगिताहरु संचालन गरिनेछ । उत्कृष्ट खेलाडी र प्रक्षिकलाई पुरस्कृत एवं प्रोत्साहन गरिनेछ । गाउँपालिका भित्र एउटा सुविधा सम्पन्न रंङ्गशाला निर्माण गरिनेछ । युवा क्लबहरुको गठन गरिनेछ ।
- स्वास्थ्य सेवालाई थप परिस्कृत बनाईनेछ । ओमसतिया गाउँपालिकाको परिकलपना “स्वस्थ र सकृय समाज” स्थापना भन्ने नारालाई मूर्त रुप दिईनेछ । स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका आर्थिक रुपले विपन्न व्यक्तिलाई आर्थिक सहायता प्रदान गरिनेछ ।
- गाँस, बास, कपास, स्वास्थ्य, खशिक्षा रोजगारको लागि पहल गरिनेछ ।
- बेरोजगार युवाहरुलाई बेरोजगारी कार्ड बनाई भत्ताको व्यवस्था गर्न पहल गरिनेछ ।
- गाउँपालिकामा एउटा सुविधा सम्पन्न कम्तीमा २५ शैयाको अस्पताल निर्माण गरिनेछ । वडा नं. १ मा एउटा यसका लागि केन्द्र र प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ ।

स्वास्थ्य ईकाईको स्थापना गरी स्वास्थ्य सेवा विस्तार गरिनेछ । आधारभूत स्वास्थ्य सेवामा सवै नागरिकको पहुँच स्थापित गरिनेछ ।

- धुम्रपान, मध्यपान र लागू औषधीलाई नियन्त्रण गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ । अन्य सामयिक सामाजिक सुरक्षा कार्यक्रमहरु समेत संचालन गरिनेछ ।
- सामाजिक सुरक्षालाई थप व्यवस्थित गरिनेछ ।
- गाउँपालिका भित्र अत्यावश्यक रुपमा संचालन गरिनुपर्ने कार्यक्रमहरुको प्रस्ताव गर्न र गाउँपालिकामा संचालित कार्यक्रमहरुमा Watch Dog को भूमिका निर्वाह गर्न प्रत्येक वडाहरुका टोल-टोलमा टोलसुधार समिति निर्माण गरि गाउँपालिकामा दर्ता हुने व्यवस्था गरिनेछ ।
- गाउँपालिकालाई सूचना प्रविधिमा आधारित प्रविधियुक्त गाउँपालिका बनाईनेछ । राजश्व संकलन, पञ्जिकरणलाई Online Based बनाईनेछ । गाउँपालिकालाई Free Wifi Zone का रुपमा स्थापना गर्न आश्वयक पहल गरिनेछ । आगामी आ.व.मा सवै वडाहरुमा Online घटना दर्ता प्रणाली लागू गरिनेछ ।
- Paperless Government को अवधारणा लागू गरिनेछ । सम्भव भएसम्म सवै कार्य प्रक्रियालाई Software Based बनाई सेवा प्रवाह गरिनेछ । सेवा प्रवाहमा रहेका जटिलता र झन्झटिलो प्रक्रियालाई सरलीकृत गरिनेछ ।
- भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीति अङ्गिकार गरिनेछ ।
- गाउँपालिकाको भू-ाउपयोग नीति तयार गरिनेछ । कृषि भूमिको खण्डिकरण , प्लाटिङ्गलाई निरुत्साहित गरिनेछ । गाउँपालिकाको विस्तृत सर्भे र नापी गर्ने कार्य आरम्भ गरिनेछ ।
- गाउँपालिका भित्रको बसोवासलाई व्यवस्थित बनाउन भवन संहिता निर्माण गरिनेछ । नक्शा पास गर्नु पर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।
- समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित रही छिमेकी स्थानीय तहहरु, प्रदेश सरकार र केन्द्र सरकारसंग सहकार्य र समन्वय गरी गा.पा.को समग्र विकासका लागि आवश्यक क्रियाकलापहरु संचालन गर्न आवश्यक पर्ने प्राविधिक एवं आर्थिक सहयोगका लागि पहल गरिनेछ ।
- जिल्ला समन्वय समिति स्थानीय विकास कोष कार्यक्रम अन्तर्गत गठन भई साविकका गा.वि.स.हरुमा संचालित सामुदायिक विकास कोषलाई एकिकृत गरी एकल सामुदायिक कोषको रुपमा संचालन गरिनेछ ।
- सरकार नीति, कार्यक्रमहरु तर्जुमा गर्ने अङ्ग भएको र सरकारले तय गरेका नीति तथा कार्यक्रमहरु कार्यान्वयन अङ्ग रहेको परिपेक्षमा सार्वजनिक प्रशासन सबलता सार्वजनिक प्रशासन समक्षता र पारदर्शिता सहयोग बिना हाम्रा नीति तथा कार्यक्रमहरु सोचे अनुरुप

कार्यान्वयन हुन सक्दैनन् । यसर्थ सार्वजनिक प्रशासन सबलता सक्षमता र कुशलता अभिबृद्धि गरिनेछ ।यसका लागि पर्याप्त समसामायिक तालिमहरु र कामका आधारमा यथोचित सेवा सुविधाहरु उपलब्ध गराईनेछ । प्रभावकारी कार्य सम्पादनका लागि Right man in Right Place को अवधारणा लिईनेछ ।

<u>आदरणीय सम्पूर्ण महानुभावहरु,</u>

नीति तथा कार्यक्रम ल्याउन र त्यसलाई कार्यान्वयन मा लैजानु मात्र उपलब्धी होईन । गाउँपालिकाको प्राविधिक र आर्थिक सबलता र सक्षमता संग ती नीति तथा कार्यक्रमलाई जोड्दै बजेट मार्फत सम्बोधन गर्न सकेमा मात्र नीति तथा कार्यक्रमले सार्थकता पाउने हुन्छ । यसका लागि सम्पूर्ण जननिर्वाचित प्रतिनिधीहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधीहरु, गाउँपालिकाका प्रबुद्ध वर्गहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, सुरक्षा निकायका मित्रहरु, पत्रकार साथिहरु सवैले सम्पूर्ण प्रक्रियामा अपनत्व ग्रहण गर्दै पूर्ण ईच्छाशक्तिका साथ काँधमा काँध मिलाएर अगाडी बढ्नु पर्ने देखिन्छ । तसर्थ सदा झै आगामी दिनहरुमा पनि हजुरहरुको साथ, सहयोग र खबरदारीको अपेक्षा राख्दै यो नीति तथा कार्यक्रम निर्माणमा सहयोग गर्नुहुन सम्पूर्ण गाउँसभाका सदस्यहरु, कार्यपालिका सदस्य, गाउँ कार्यपालिकाको कार्यालयका कर्मचारी परिवार, सम्पूर्ण राजनैतिक दलका प्रतिनिधीहरु प्रबद्ध व्यक्तित्वहरु एवं मलाई निर्देशन गर्ने मेरो पार्टीका नेतृत्व अग्रज एवं मित्रहरुलाई हार्दिक धन्यवाद एवं आभार प्रकट गर्दछु ।

हिरा केवट (राहुल)
अध्यक्ष
ओमसतिया गाँउपालिका, रुपन्देही